# प्रेस विज्ञप्ति

आज प्रकाशित अनलाईन मिडियाको "**कार्यालयको कामै छोडेर सरकारी कर्मचारीहरु पार्टीको जुलुसमा**" भन्ने समाचारप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । निजामती सेवा ऐन, २०४९ को परिच्छेद ७ मा निजामती कर्मचारीहरुले पालना गर्नुपर्ने समयपालना, अनुशासन, राजनीतिमा भाग लिन नहुने लगायतका आचरण सम्बन्धी व्यवस्था र निजामती कर्मचारीहरुको आचरण सम्बन्धी नियमावली, २०६५ मा उल्लिखित कर्मचारीको पदीय, पेशागत तथा व्यक्तिगत आचरण सम्बन्धी व्यवस्थाहरुबारे सबै कर्मचारीहरुलाई अवगत नै छ । निजामती कर्मचारीले कानुन बमोजिम पालना गर्नुपर्ने आचरण विपरितको कार्य कानुन प्रतिकूल हुनेतर्फ सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदै प्रचलित कानुन बमोजिमको आचरण पालना गर्न सबै निजामती कर्मचारीलाई सामान्य प्रशासन मन्त्रालय अनुरोध गर्दछ । साथै सवै राष्ट्रसेवक कर्मचारीले आ-आफ्नो जिम्मेवारी अनुरुप कर्तव्यको निर्वाह र आचरणको पालना गरी अविचलित रुपमा नागरिकसेवा प्रवाह गर्ने यस मन्त्रालयले विश्वास लिएको छ ।